सञ्चालित आयोजना तथा निर्णयहरुको उपयुक्तता र सुशासन परीक्षण गर्न आवश्यकता अनुसार अधिकार प्राप्त निकायलाई अनुरोध गरिनेछ ।

७. नतिजामूखी सार्वजनिकसुनुवाईर सार्वजनिक परीक्षणलाई निरन्तरता दिदै सबै आयोजनाहरुको३ पटक न्यूनतम र निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

८. कर्मचारीहरुको वृत्तिविकास र क्षमता अभिवृद्धिका लागि तालिम अभिमुखिकरण कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

९. महानगरवाट प्रदान गरिने सबै सेवाहरुको **कार्य प्रवाह नक्साङ्कन** (Process Mapping) गरी **स्तरीकृत कार्य संचालन ढाँचा** (Standard Operating Procedure) निर्माण गरिनेछ ।

१०. रजिष्टर्ड सर्भिस सेन्टरहरु मार्फत सेवा करार गरीसेवाप्रवाहलाई थप सहज बनाइने छ। महानगरले प्रदान गर्ने सेवाहरुलाई क्रमशः वडातहबाटै प्रवाह गर्दैजाने नीति लिइने छ ।

११. संस्थागत विकासका लागि निजी क्षेत्र, गैर सरकारी संघ/संस्था, अध्ययन अनुसन्धानमा आधारित शिक्षण संस्था, बुद्धिजिवी लगायत सवै पक्ष र तहमा रहेका विज्ञ र प्रविधीको सदुपयोग गरिनेछ ।

**ख) पूर्वाधार विकास नीतिः**

१. महानगरलाई पूर्वाधारका हिसावले प्रादेशिक राजधानीका रुपमा विकास गर्न आवधिक नगर विकास योजना तयार गरिनेछ । उक्त योजनाका आधारमा राष्ट्रिय, अन्तराष्ट्रिय एवं दातृ निकायको सहयोग परिचालन गरिनेछ ।

२. सडक पूर्वाधारहरुको निर्माण तथा मर्मत संभारमा ठूलो धनराशी खर्च हुने तर त्यसको संरक्षण गरी दिगोपना कायम गर्न नसक्दा विकासको लागत दिन प्रतिदिन बढ्दै जाने तथ्यलाई ध्यानमा राखी निर्मित संरचनाहरुको संरक्षण सम्वन्धी विशेष कार्यक्रम संचालन गरिनेछ । भित्रि सडक तथा नालाहरु निर्माण गर्दा उपभोक्ताहरुको लागत साझेदारीमा प्रिकास्ट तथा आरसीसी बक्स, स्ल्याब, टायल्स र अन्य प्रविधिहरुको प्रयोगलाई जोड दिइनेछ ।

३. सार्वजनिक क्षेत्रमा रहेको पूँजीलाई समेत निजी साझेदारीको अवधारणा बमोजिम विकासका लागि आकर्षित गरी सौर्य सडकवत्ति जडान, कृषि तथा औद्योगिक प्रदर्शनी स्थल निर्माण, आकाशे पुल निर्माणका साथै हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

४. महानगरको आर्थिक विकासका लागि विशेष आर्थिक क्षेत्र, सूख्खा बन्दरगाह, क्षेत्रीय स्तरको हवाइ मैदान विस्तार, रिङ्ग रोड, बाईपास सडक, व्यवसायिक भवन, ट्रेड टावर, भ्यू टावर, रंगशाला, कृषि बजार, नयाँ बसपार्क, संग्रहालय जस्ता क्षेत्रमा लगानी व्यवस्थापन गरिने छ ।

५. महानगर भू-उपयोग नीति र यातायात गुरु योजना निर्माण कार्य अगाडि बढाइने छ । ट्राफिक व्यवस्थापनलाई सुधार गर्न सम्वन्धित सरोकारवाला निकायहरुसंग सार्थक सहकार्य गरिनेछ

६. रिङ्ग रोड, कोशी राजमार्ग र वाईपास सडक बाहेक अन्य सडकबाट ठुला सवारी साधनमा मालसामान ढूवानी गर्ने कार्यलाई रोकी सडकको दीगोपनामा बृद्धि गरिने नीतिलाई कडाइका साथ लागु गरिनेछ ।

७. सिंघिया तथा केशलिया खोलामा तटवन्ध निर्माण र हरियाली प्रवर्द्धन कार्य अगाडी बढाइनेछ साथै उक्त नदिहरुको ३००/३०० मीटरको दायाँ बायाँबाट माटो लगायतका कुनै पनि नदीजन्य पदार्थ अनाधिकृत रुपमा उत्खनन गर्न नदिने व्यवस्था कडाईका साथ लागू गरिनेछ यसरी आफ्नो निजी जमिनबाट समेत माटो तथा अन्य प्राकृतिक स्रोत साधन व्यवसायिक रुपमा प्रयोग गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरी महानगरबाट अनिवार्य पूर्व स्वीकृति लिनु पर्नेछ ।

८. सुन्दर र सफा शहर बनाउन टेलिफोन, बिजूली, केवल तथा ईन्टरनेटका तारहरुलाई व्यवस्थित गरिने छ।

९. नगरको केन्द्रमा रहेको ए प्लटमा आधुनिक पार्क निर्माण कार्यलाई निरन्तरता दिईनेछ । बि प्लट तथा ई प्लट, पुरानो बारुणयन्त्र कार्यालय रहेको स्थान, वडा नं १५ को हडताली हाटमा रहेको स्थान, हाटखोला लगायत अन्य स्थानहरुको पहिचान गरी व्यवसायिक भवनहरु निर्माण कार्य यसै आ.व. मा प्रारम्भ गरिने छ ।

१०. संघीय सरकार, प्रदेश सरकारबाट सहयोग र नगर विकास कोषबाट सहुलियत ऋण प्राप्त गरी वीरेन्द्र सभागृह पुर्ननिर्माणलाई अगाडी बढाईने छ।

११. भारत सरकार र विराटनगर महानगरपालिकाको सहकार्यमा निर्माण भइरहेको आरोहण गुरुकुल स्थित आधुनिक नाटक घर यसै आ.व. मा सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।

१२. निर्माणाधिन तारणी प्रसाद कोइराला सञ्चारग्राम विराटनगर-४ लाई समयमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। निर्माण सम्पन्न पश्चात तारणी प्रसाद कोइराला सञ्चारग्राममा महानगरका सम्पूर्ण गतिविधि जनता समक्ष प्रवाह गर्नका लागि महानगर रेडियो/एफ.एम. सञ्चालनमा ल्याइनेछ ।

१३. महानगरपालिकामा प्रवेश गर्ने नहरको दुवैतर्फ बाईपास सडक निर्माण गरी कोशी राजमार्गमा भएको ट्राफिक चापलाई न्यूनीकरण गरिनेछ ।

१४. उपयुक्त स्थानमा एक वडामा एक पार्क तथा पिकनिक स्थलको विकास गरी सौन्दर्यकरण गरिनेछ ।

१५. बाढी पिडित र सुकुम्वासीहरुको पहिचान गरी एकिकृत बसोबासको प्रवन्ध मिलाउन महानगर आवास योजना संचालनलाई यस वर्ष पनि निरन्तरता दिईने छ ।

१६. प्लानिङ्ग परमिट नलिईकन जग्गा तथा घर-घडेरी विकास गर्न प्रतिबन्ध लगाइनेछ । जग्गा विकास गर्दा मूख्य सडक कम्तिमा ८ मीटर, सहायक सडक कम्तिमा ७ मिटर र भित्रि सडक कम्तिमा ६ मिटर, घडेरीको मुख कम्तिमा ८ मीटर , खूल्ला क्षेत्र एवं हरियाली क्षेत्र कम्तिमा १० प्रतिशत सार्वजनिक कायम गरेको हुनुपर्नेछ । यसरी विकास गरिएका जग्गामा सडक , नाला, विद्यूत र खानेपानी लगायतका भौतिक पुर्वाधारको विस्तार भएको हुनुपर्नेछ । यसरी विकास भएका घडेरीमा घर बनाउने घरधनीहरुलाई

महानगरपालिकाबाट नक्सापास एवं घरजग्गा करमा सहुलियत दिइने कार्यलाई थप प्रभावकारी बनाइने छ ।

१७. राष्ट्रिय भवन संहिता बमोजिम भूकम्प प्रतिरोधी भवन निर्माण गर्न घरनक्सा पास सहज बनाउदै घर नक्सा इजाजत अनलाईनबाट गर्ने तथा पुराना फाईलहरुलाई अर्काइभ गरी डिजिटलाइजेसन गरिनेछ ।

१८. नगर क्षेत्रका सवै सडकको नामाकरण गरी निजी सार्वजनिक साझेदारी अन्तरगत Navigation Board राखिनेछ ।

१९. भू बनौट र अवस्थितिका आधारमा घर निर्माण गर्दा न्युनतम प्लिन्थ लेभल जमिनबाट ३ फिट कायम गरिनेछ ।

२०. निकासी नभएका गल्लि सडकको हकमा सडकको लम्वाई ८० मीटर भन्दा कम रहेको स्थानमा सडक मापदण्ड कम्तिमा ४ मीटर कायम गरिनेछ ।

२१. नगर क्षेत्रमा सडक मापदण्ड विपरित निर्माण भएका तथा सार्वजनिक ऐलानी पर्ती जग्गाहरु अतिक्रमण गरी बनाईएका संरचनाहरु अविलम्व हटाइने छ ।

२२. नगर भित्र संचालन गरिने खानेपानी, विद्यूत तथा दूरसंचार संस्थानका विकास निर्माणका कार्यक्रमहरुलाई सम्वन्धित निकाय र महानगर बीच समन्वय कायम गरी संचालन गर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

२३. सहभागितात्मक विकासको अवधारणा बमोजिम नगरको दीगो विकासका लागि लागत सहभागिता र योजना छनौट, निर्माण, अनुगमन, संचालन र मर्मत संभार समेतमा स्थानीय सरोकारवाला उपभोक्ताहरुको सार्थक सहभागिता जुटाउने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

२४. घरघरमा शुद्ध खानेपानी पुऱ्याउन आगामी ३ वर्षभित्र नगरका पुराना एवं जीर्ण खानेपानीका पाईपलाइनहरु प्रतिस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

२५. नगरलाई हिलोमूक्त बनाउन ३ वर्ष भित्र नगरका सवै कच्ची सडकमा ग्राभेल गरिने छ

२६. महानगर भित्र आवश्यक ठाँउहरु छनौट गरी महिला, बालबालिका तथा अपाङ्गता मैत्री सार्वजनिक शौचालयहरु निर्माण गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ । निर्मित संरचनाहरु तथा अव निर्माण हुने सवै संरचनाहरुलाई अपाङ्गतामैत्री हुने निश्चित गरी मात्र निर्माण सम्पन्न तथा पूर्व स्वीकृति दिईने छ ।

२७. महानगर भित्रका सबै सडकहरुलाई प्राथमिकताका आधारमा क्रमश नालासहित पिच सडकमा स्तरोन्नती गरिनेछ ।

२८. विराटनर महानगरपालिका वडा नं. १८ मा रहेको ऐतिहासिक विराट राजाको दरबार क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका साथै वडा नं.१९ स्थित वैजनाथपुर खेल मैदानलाई अन्तर्राष्ट्रिय स्तरको रुपमा विकास गर्ने नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२९. १५ लाखसम्मका योजनाहरू उपभोक्ता समिति गठन, सम्झौता प्रक्रिया क्रमशः सम्बन्धित वडाबाटै सम्पन्न गर्ने व्यवस्था मिलाईने छ।

३०. उपभोक्ता समितिबाट हुने कार्यलाइ्पप प्रभावकारी बनाउन देहाय अनुसार गरिने छ ।

क. **माटोपुर्ने कार्य ३०** प्रतिशत जनसहभागिता

ख. **ग्राभेल गर्ने कार्य२०** प्रतिशत जनसहभागिता

ग. **ईटा जोड्ने , आर सि.सि. गर्ने कार्य २० प्रतिशत** जनसहभागिता

घ. **कालोपत्रे गर्ने कार्य१५ प्रतिशत** जनसहभागिता

ङ. मिश्रित कार्यको हकमा लागत अङ्कको आधारमा औसत प्रतिशत कायम गरिनेछ।

- १५ लाख भन्दा माथिका वडा तथा नगरस्तरिय योजनाहरू टेण्डर प्रक्रियाबाट निर्माणगर्न प्राथमिकता दिने नीति लिईने छ ।
- **योजना कार्यान्वयनको क्यालेण्डर** तयार गरी सोही क्यालेण्डरको आधारमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
- **योजना अनुगमन प्रक्रियामा उपभोक्ता लाभग्राही, टोलबासी र सञ्चारकर्मीलाई समेत सहभागी गराउने** नीति लिईने छ ।

३१. आवासीय क्षेत्रका निजी आवासीय भवन महानगरले निर्धारित गरेको ढाँचा अनुसार निर्माण गर्ने भएमा वडा तहबाटै अन्तिम चरण बाहेकका कार्यहरूकोक्रमशः अनुमति दिने व्यवस्था मिलाईने छ।

३२. व्यवसायिक भवनहरू निर्माण गर्दा नगरका निर्मित संरचनामा पुग्नसक्ने क्षति र मर्मत गर्दालाग्ने लागत र जथाभावी निर्माण सामग्री राख्दा हुनसक्ने अवरोधलाईनियमन गर्न न्यूनतम रू.५/- प्रति वर्गफिटका दरले हुने रकम पूर्व स्वीकृति दिने समयमैधरौटी लिने व्यवस्था गरिनेछ।यो व्यवस्था मूल सडकमा बन्ने व्यवसायिक वा आवासीय भवनहरूको हकमा समेतलागू गरिने छ। सार्वजनिक संरचनामा क्षति पुयाएमा धरौटीबाट नै कट्टा गर्ने व्यवस्था गरिने छ र प्राविधिकको प्रतिवेदनका आधारमा धरौटी रकम फिर्ता गरिने छ ।

३३. व्यवसायिक भवनहरु निर्माण गर्दा पार्किङ्गको व्यवस्था नभई घरनक्सा स्वीकृत नगर्ने नीति प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ।

३४. सडकमा निर्माण सामग्री जथाभावी राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न जरिवाना गरिनेछ ।

३५. शहरका मुख्य मुख्य चौकको स्तरोन्नति गरिनेछ । सडक सुशासन कार्यक्रम अन्तर्गत आवश्यक संरचना निर्माण गरी सौन्दर्यकरण गरिनेछ ।

३६. सडकमा लाग्ने हाट बजारलाई पायक पर्ने स्थानमा जग्गा तथा पूर्वाधारको व्यवस्था गरी स्थानान्तरण गरिनेछ ।

३७. व्यवस्थित आवासीय क्षेत्र र शहरी पूर्वाधार विकासकालागि ल्याण्ड पुलिङ्ग गरी जग्गा विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**ग) आर्थिक विकास तथा राजश्व परिचालन नीतिः**

**क. कृषि, पशुपंक्षी तथा सहकारी नीतिः**

- महानगरका विभिन्न क्षेत्रको भू-वनोट अवस्थिति, कृषि योग्य जमिनको उपलब्धता र सहरी विकासको अवस्था, कृषिमा संलग्न जनसंख्याको सहभागिताको आधारमा कृषि तथा पशुपंक्षी पालनको एकीकृत विकासका लागि सघन कृषि प्रसार क्षेत्र निर्धारण गरिनेछ ।
- कृषि तथा पशुपंक्षी पालनलाई निर्वाहमुखी भन्दा व्यवसायिक बनाउन आधुनिक प्रविधि र शिक्षित युवाहरुलाई उत्प्रेरित गरिनेछ ।
- तरकारी तथा फलफूल खेतीमा रसायनिक मलको प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै **अर्गनिक उत्पादन र प्रयोगलाई प्रवर्द्धन** गरिनेछ ।
- कृषिजन्य उपजको व्यवसायमा **बिचौलियाबाट हुने मूल्य अपचलनलाई नियमन** गर्न उत्पादन लागत र थोक तथा खुद्रा मूल्य विश्लेषण गरी कृषकलाई उपयुक्तबजारमूल्य प्राप्त हुने सुनिश्चितता प्रदान गरिने छ ।
- कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै थप रोजगारीका अवसरहरु सिर्जना गरिने छ ।
- उत्पादन र बजारप्रणालीको अन्तर सम्वन्धलाई सहकारीको माध्यमबाट व्यवस्थित गरिनेछ । सघन कृषि क्षेत्रमा कृषि सडक, विद्युतीकरण, संकलन केन्द्र तथा अन्य पूर्वाधारहरु निर्माण गरिनेछ ।
- कृषि तथा पशुपंक्षी व्यवसायमा संलग्न व्यक्तिहरुको विवरण अध्यावधिक गरिनेछ ।
- महानगरको स्वामित्वमा रहेका कृषियोग्य जमिनको कृषि कार्यका लागि सार्वजनिक निजी साझेदारीको माध्यमबाट उपयोग गर्ने नीति लिइने छ ।
- कृषि पशुपंक्षी व्यवसायका लागि आवश्यक पर्ने कच्चा पदार्थ आपूर्तिकर्ताहरुको व्यवसाय नियमित अनुगमन गरी मूल्य तथा गुणस्तरको नियमन गरिनेछ ।
- छाडा पशुको नियन्त्रण गर्न काञ्जी हाउस, सामुदायिक कुकुर , सुँगुराखे उपयुक्त संरचना निर्माण गरिने छ ।
- खुल्ला क्षेत्रमा पशु वधगर्ने कार्यलाई नियन्त्रण गरी व्यवस्थित पशु वधशालाको निर्माणकार्यलाई तीव्रता दिइनेछ ।
- सहकारिताको माध्यमबाट पुँजी परिचालन गरी रोजगारी सिर्जना गर्दै गरिवी न्यूनिकरण गर्ने नीतिलाई निरन्तरता दिइने छ ।